# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २) सुर्खेत, माघ ०८ गते, २०७६ साल

## भाग ३

### प्रदेश सरकार

### भौतिक पूर्वाधार विकास मन्त्रालय

### <u>कर्णाली प्रदेश पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि (पहिलो संशोधन), २०७६</u>

कर्णाली प्रदेश पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ लाई दोस्रो संशोधन गर्न वाञ्छनीय भएकोले, कर्णाली प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "कर्णाली प्रदेश पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि (पहिलो संशोधन), २०७६" रहेकोछ।

(२) यो कार्यविधि कर्णाली प्रदेश राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ।

२. **मूल कार्यविधिको दफा ७ मा संशोधन** : मूल कार्यविधिको दफा ७ को,-

(१) उपदफा ७(६) मा रहेको "निर्देशक समितिमा सहमतिको आधारमा निर्णय हुनेछ" भन्ने शब्दहरुको सट्टा "सहमति हुन नसकेको अवस्थामा संयोजकको निर्णय अन्तिम हुनेछ" भन्ने शब्दहरु राखिएका छन्।

३. **मूल कार्यविधिको दफा ८ मा संशोधन** :मूल कार्यविधिको दफा ८ को,-

(१) उपदफा (१) मा रहेको "उपदफा (१) बमोजिम आयोजना छनौट गर्दा एक वर्षभित्र कार्यान्वयन गर्न सकिने आयोजना छनौट गरी अनुसूची-१ बमोजिमको कार्यान्वयन कार्यतालिका समेत बनाई जिम्मेवारी तोकी समितिले सम्बन्धित कार्यालयमा भाद्र मसान्तसम्म पेश गरिसक्नु पर्नेछ । सो अवधिभित्र कुनै कारणवश योजना छनौट गरी पेश गर्न नसकेको अवस्थामा मन्त्रालयले योजना पेश गर्ने अवधि बढीमा पन्ध्र दिन थप गर्न सक्नेछ।तर चालु आर्थिक वर्ष २०७६/७७ को हकमा समितिले आयोजना छनौट गरी मंसिर मसान्तसम्म छनौट गरी कार्यालयमा पेश गर्नुपर्नेछ" भन्ने शब्दहरुको सट्टा "उपदफा (१) बमोजिम आयोजना छनौट गर्दा एक वर्षभित्र कार्यान्वयन गर्न सकिने आयोजना छनौट गरी अनुसूची-१ बमोजिमको कार्यान्वयन कार्यतालिका समेत

बनाई जिम्मेवारी तोकी समितिले सम्बन्धित कार्यालयमा भाद्र मसान्तसम्म पेश गरिसक्नुपर्नेछ। सो अवधिभित्र कुनै कारणवश योजना छनौट गरी पेश गर्न नसकेको अवस्थामा मन्त्रालयले योजना पेश गर्ने अवधि बढीमा पन्ध्र दिन थप गर्न सक्नेछ।तर चालु आर्थिक वर्ष २०७६/७७ को हकमा समितिले आयोजना छनौट गरी माघ १५ गतेसम्म छनौट गरी कार्यालयमा पेश गर्नुपर्नेछ" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (३) मा रहेको "यस कार्यविधि बमोजिम आयोजना छनौट गर्दा प्रत्येक निर्वाचन क्षेत्रमा उपलब्ध हुने कुल रकम मध्ये कम्तिमा २ वटा ठूला पूर्वाधारका योजना छनौट गर्नुपर्नेछ, जसमा प्रति योजना कम्तिमा एक करोड रुँपैया विनियोजन गर्नुपर्नेछ। यसरी ठूला पूर्वाधारका योजनामा बजेट विनियोजन गरी बाँकी हुन आएको रकम मध्ये बीस लाख वा सो भन्दा बढि लागत अनुमान भएका योजनाहरु छनौट गर्नुपर्ने" भन्ने शब्दहरुको सट्टा "यस कार्यविधि बमोजिम आयोजना छनौट गर्दा प्रत्येक निर्वाचन क्षेत्रमा उपलब्ध हुने कुल रकम मध्ये कम्तिमा ४ वटा ठूला पूर्वाधारका योजना छनौट गर्नुपर्नेछ, जसमा प्रति योजना कम्तिमा पचास लाख रुपैयाँ विनियोजन गर्नुपर्नेछ । यसरी ठूला पूर्वाधारका

योजनामा बजेट विनियोजन गरी बाँकी हुन आएको रकम मध्ये बीस लाख वा सो भन्दा वढि लागत अनुमान भएका योजनाहरु छनौट गर्नुपर्नेछ" भन्ने शब्दहरु राखिएका छन्।

(३) उपदफा (७) मा रहेको "उपदफा (२) बमोजिम छनौट भएका आयोजनाको सम्झौता माघ महिना भित्र हुन नसकेमा निर्देशक समितिले सो आयोजना परिवर्तन गरी माघ पन्ध्र भित्र सोही निर्वाचन क्षेत्र अन्तर्गतको अर्को आयोजना छनौट गर्न सक्नेछ। सो को जानकारी पूर्वाधार विकास कार्यालय र प्रदेश लेखा इकाई कार्यालयमा दिनुपर्नेछ" भन्ने शब्दहरुको सट्टा" उपदफा (२) बमोजिम छनौट भएका आयोजनाको सम्झौता फाल्गुण पन्ध्र भित्र हुन नसकेमा निर्देशक समितिले सो आयोजना परिवर्तन गरी फाल्गुण मसान्तभित्र सोही निर्वाचन क्षेत्र अन्तर्गतको अर्को आयोजना छनौट गर्न सक्नेछ । सो को जानकारी पूर्वाधार विकास कार्यालय र प्रदेश लेखा इकाई कार्यालयमा दिनुपर्नेछ" भन्ने शब्दहरु राखिएका छन्।

४. **मूल कार्यविधिको दफा १२ मा संशोधन** :मूल कार्यविधिको दफा १२ को उपदफा (३) र (४) झिकिएको छ।

**आज्ञाले,**

राम आधार शाह

प्रदेश सरकारको सचिव



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित